अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ०८/०७८/०७९

अध्यक्षताः प्रमुख श्री हरिकुमार राना

मितिः २०७८/०८/२४

**उपस्थितिः**

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | उपस्थित |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | उपस्थित |
| नि.प्रमुख प्रशासकीय अधिकृत | श्री विपिन लम्साल | उपस्थित |

आमन्त्रित

| | | |
|---|---|---|
| अधिकृत (छैठौं),प्रशासन शाखा | श्री चुडामणी निरौला | उपस्थित |
| सहायक (चौथो), प्रशासन शाखा | श्री सौजन कटुवाल | उपस्थित |

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७८/०८/२४ गतेको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. अघिल्लो कार्यपालिकाको बैठकको निर्णय तथा सोको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

२. नगर कार्यपालिकाको कार्यालयबाट हुने सेवा प्रवाहका सम्बन्धमा छलफल गरियो । स्वीकृत योजनाहरुको भुक्तानीका लागि प्राप्त निवेदन बमोजिम योजनाको स्थलगत अनुगमन हुँदा निवेदन प्राप्त भएको ३ कार्यदिन भित्र योजना अनुगमन गर्ने र भुक्तानीका लागि मनासिब देखिएमा सोको प्रतिवेदन दिएको ३ कार्यदिन भित्र भुक्तानी व्यवस्था मिलाउन कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।(आर्थिक प्रशासन/योजना)

३. अघिल्लो कार्यपालिकाको बैठकबाट २०७८ मंसिर मसान्तसम्ममा अर्जुनधारा नगरपालिकाको दशौं नगर सभा सञ्चालनको तयारी गर्न निर्देशन दिइएकोमा राजनैतिक दलहरुको राष्ट्रिय महाधिवेशनका कारण समयमा सञ्चालन हुन नसक्ने देखिएकाले पौषको तेश्रो हप्ता भित्र सञ्चालन गर्ने गरी आवश्यक तयारी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

साथै, आगामी नगर सभामा पेश गर्ने गरी नगरपालिकामा आवश्यक ऐनको मस्यौदा तयारी गर्न उप प्रमुखज्यूको संयोजकत्वमा गठन भएको विधेयक मस्यौदा समितिलाई र कार्यालयको संगठन तथा व्यवस्थाप सर्वेक्षण प्रतिवेदन समेत पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(प्रशासन/योजना)

४. अर्जुनधारा नगरपालिकाबाट सडकको मापदण्ड निर्धारण गर्दा कम्तिमा २० फिट कायम गरी सडकको मापदण्ड कायम गरिएकोमा शहरी तथा शहरोन्मुख क्षेत्रका हाल चलनचल्तीका कतिपय सडक उक्त मापदण्ड भन्दा कम चौडाईका रहेको भए पनि आवतजावतका दृष्टिकोणले व्यापक प्रयोग हुने रहेकाले त्यस्ता सडकहरुको मर्मत सम्भार तथा स्तरोन्नति गर्नका लागि नगरपालिकाबाट बजेट विनियोजन भई कार्यान्वयनमा कठिनाई भएको सन्दर्भमा प्रचलित भवन निर्माण आचार संहितामा फरक नपर्ने गरी मर्मत सम्भार तथा स्तरोन्नति गर्ने निर्णय गरियो ।(योजना/ प्राविधिक)

५. यस अर्जुनधारा नगरपालिका क्षेत्रमा रहेका मुख्य सडकहरुको कतिपय खण्डको छेउ किनारमा झाडी, घाँस उम्रिएकाले तथा अन्य कारणले सडकको पुरा भाग सञ्चालनमा कठिनाई भएको र त्यस्तो समस्याले सडक सौन्दर्यमा समेत प्रतिकूल असर गरिरहेकाले नगरपालिकाकै यान्त्रिक उपकरणहरु प्रयोग गरी मुख्य सडकहरुको छेउ किनारा सफा गरी सञ्चालन योग्य बनाउन र सडकको निर्धारित मापदण्ड बमोजिमको सडक क्षेत्र कायम गर्न निम्न बमोजिमको कार्यदललाई जिम्मेवारी दिने निर्णय गरियो ।(यान्त्रिक/ प्राविधिक)

| | |
|---|---|
| पूर्वाधार विकास समिति, संयोजक श्री रमेश त्रिखत्री | संयोजक |
| सम्बन्धित वडाको पूर्वाधार हेर्ने जनप्रतिनिधि | सदस्य |
| सव ईञ्जिनियर श्री प्रदीपकुमार पुरी | सदस्य |
| कार्यालयले तोकेको १ जना अमिन | सदस्य |
| मेसिनरी सुपरभाइजर श्री सनम राई | सदस्य |

६. चालु आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत विभिन्न वडा तथा विषयगत क्षेत्रका स्वीकृत भएका योजनाहरु संशोधन तथा रकमान्तर गर्नका लागि वडा समितिबाट निर्णय एवं सिफारिस भई आएका अनुसुचि १ बमोजम योजना तथा कार्यक्रमहरुलाई आगामी नगर सभाबाट अनुमोदन हुने गरी संशोधन तथा रकमान्तर गर्ने निर्णय गरियो ।(योजना/प्राविधिक/आर्थिक प्रशासन)

७. अर्जुनधारा नगरपालिका वडा नं २ स्थित नवज्योति प्रा. बि. तथा वडा नं २ कै सहकाले बस्तीमा रहेको खोपकेन्द्रमा प्रारम्भिक बालविकासका कक्षा सञ्चालनका लागि स्थानीयबाट माग भई आएको र ती ठाउँहरुमा प्रारम्भिक बालविकास कक्षा सञ्चालन गर्नु आवश्यक समेत भएको हुँदा उक्त २ ठाउँमा प्रारम्भिक बाल विकास कक्षा सञ्चालनको आवश्यक प्रबन्ध गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(शिक्षा युवा तथा खेलकुद शाखा)

८. अर्जुनधारा नगरपालिका वडा नं ३, खुदुनाबारी बजारमा हालै स्थापना भएको अस्थायी प्रहरी पोस्टको सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि १ थान मोटरसाइकल उपलब्ध गराइदिन भनी अस्थायी प्रहरी पोस्टबाट अनुरोध भई आएकोमा उक्त पोस्टका लागि १ थान मोटरसाइकल व्यवस्थापन गरिदिने निर्णय गरियो ।

९. शनिश्चरे बजार सौन्दर्यीकरण आयोजना अन्तर्गत शनिश्चरे चौकबाट दक्षिण १०० मिटर खण्डमा सडक कालोपत्रे तथा स्तरोन्नति गर्ने सम्बन्धमा मिति २०७८/०८/२२ गते बसेको सर्वपक्षीय बैठकबाट भएको निर्णय , सो निर्णय बमोजिम मिति २०७८/०८/२३ गते स्थलगत रुपमा नाँपजाँच गर्दा भएको सहमतिलाई अनुमोदन गर्ने र उक्त कालोपत्रे सडकको मर्मत तथा स्तरोन्नतिका लागि सडक डिभिजन, दमकबाट ठेक्का बन्दोवस्त भएकाले बजारको १०० मिटर खण्डमा दुवैतर्फ ५/५ फिटको नाला, दुवै तर्फ ५/५ फिटको फुटपाथ, बिचमा ३ फिटको डिभाइडर बाँकी ४७ फिटको सडक हुने गरी सडक मर्मत तथा स्तरोन्नति गर्न सडक डिभिजन,दमकलाई अनुरोध गर्ने निर्णय गरियो । साथै, शनिश्चरे बजार सौन्दर्यीकरण अन्तर्गत नै सघन शहरी तथा भवन निर्माण आयोजना, भद्रपुरबाट नाला निर्माण सम्बन्धि आयोजना सञ्चालन हुने भएकोमा उक्त नाला निर्माण गर्दा नगरपालिकाकै यान्त्रिक उपकरण प्रयोग गरी नाला खन्ने सम्मको कार्य नगरपालिकाको तर्फ गर्ने सुनिश्चितता सहित सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालयलाई जानकारी गराउने निर्णय गरियो।(योजना/यान्त्रिक/प्राविधिक)

१०. अर्जुनधारा नगरपालिकाको मजदुर विमा सम्बन्धि कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।(सामाजिक विकास शाखा)

११. अर्जुनधारा नगरपालिकमा वडा नं १ मा रहेको मदनपुर-साधुटार-माटे-वर्खेखोल्सी हुँदै रोङ गाउँपालिकाको तिलारेसम्म जाने सडकलाई दुबसु मार्ग नामाकारण गर्ने र उक्त सडकको स्तरोन्नती गरी मेची राजमार्गको वैकल्पिक सडकको रुपमा विकास गर्न नेपाल सरकार तथा नेपाल सरकार मार्फत दातृ निकायहरुसँग अनुरोध गर्ने निर्णय गरियो।(योजना)

१२. चालु आर्थिक वर्ष २०७८/०७९ मा तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत तटबन्धन गरी नदिकटान नियन्त्रण गर्ने काम अर्जुनधारा नगरपालिका वडा नं ४ का लागि रु ३५ लाख बजेट विनियोजन भएकोमा उक्त कार्यका लाग नगरपालिकाको चालु आर्थिक वर्ष २०७८/०७९ को समपूरक कोषबाट खर्च लेख्ने गरी ३० प्रतिशत रकम साझेदारी गर्ने र उक्त आयोजना सञ्चालनका लागि स्थानीय उपभोक्ताबाट १५ प्रतिशत बराबरको नगद वा श्रम साझेदारीको आवश्यक प्रबन्ध मिलाउन सम्बन्धित वडा कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।(योजना/आर्थिक प्रशासन)

१३. अर्जुनधारा नगरपालिका वडा नं ७ मा रहेको अर्जुनधारा खेल मैदानको स्तरोन्नतिका लागि गत विगतबाटै नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयबाट बजेट अनुदान प्राप्त भई स्तरोन्नति कार्य सञ्चालन भई रहेकोमा उक्त परियोजना सम्पन्न गर्न थप बजेटको आवश्यकता भएको हुँदा नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।(योजना)

१४. अर्जुनधारा नगरपालिका वडा नं ८ मा रहेको शनिश्चरे बजारको बढ्दो सवारी चापलाई व्यवस्थित गर्न पार्किङ्ग क्षेत्र निर्धारण गर्नुपर्ने भएकाले निम्न बमोजिम क्षेत्रलाई पार्किङ्ग क्षेत्र तोकी सो को उपयुक्त व्यवस्थापन गरी सवारी व्यवस्थित गर्न सम्बन्धित वडा कार्यालय र ट्राफिक प्रहरी पोस्ट शनिश्चरेलाई अनुरोध गर्ने निर्णय गरियो ।(८ नं वडा कार्यालय)

पूर्व पट्टिः वडा नं ८ को शनिश्चरे माध्यमिक विद्यालयको अगाडिको भाग

पश्चिम पट्टिः वडा नं ७ को अर्जुन चौक पश्चिम

उत्तर तर्फः शनिश्चरे बहुमुखी क्याम्पस जाने बाटो, रेडक्रस भवन छेउ,

दक्षिण तर्फः नगरपालिकाका कार्यालय आउने बाटो दक्षिण

| अनुसुचि १ (निर्णय नं ६ सँग सम्बन्धित) | | | |
|---|---|---|---|
| **साविक योजना** | **रकम** | **संशोधित योजना** | **रकम** |
| खानेपानी देखी उपचार केन्द्रको बाटो, अर्जुनधारा-१० | ७२०००० | वडा कार्यालय फर्निचर फिक्चर्स,अर्जुनधारा-१० | ४७०००० |
| फाल्गुनन्द चौक आसपास सडक बत्ती, अर्जुनधारा-२ | ३००००० | विद्युतीय सामाग्री खरिद तथा जडान, अर्जुनधारा-१० | १५०००० |
| दासपुल रोड नं १२ उत्तर नाला निर्माण, अर्जुनधारा-६ | १०००००० | मर्मत सम्भार, अर्जुनधारा-१० | १००००० |
| कल्भर्ट निर्माण वडा नं १० र ११ को साझेदारी | २५०००० | सि सि क्यामेरा जडान, अर्जुनधारा-२ रकम थप | ३००००० |
| जेष्ठ नागरिक मिलन केन्द्र, अर्जुनधारा-१० | ५००००० | लक्ष्मी मा.वि. भवन निर्माण सामाग्री खरिद, अर्जुनधारा-६ | २००००० |
| कालिका पूर्व कालिका स्कुल जाने बाटो सडक ग्राभल,अर्जुनधारा-१० | १००००० | बालकल्याण प्रा वि स्टोर निर्माण, अर्जुनधारा-६ | १५०००० |
| धौराली चौक दक्षिण सेतिपानीसम्म सडक ग्राभल,अर्जुनधारा-१० | १५०००० | शिव मन्दिर उत्तर आउने सडक बाटो पेभेज निर्माण,अर्जुनधारा-६ | २००००० |
| जुकेखाडी सामुदायिक वन कैदले व्यामशाला,अर्जुनधारा-३ | २५०००० | ग्रामिण सेवा समुदाय क्लबको कोठा बार्न, अर्जुनधारा-६ | ५०००० |
| | | आधारभुत स्वास्थ्य केन्द्रमा सामाग्री खरिद तथा खोप सञ्चालन,अर्जुनधारा-६ | १००००० |
| | | मर्मत सम्भार कोष, अर्जुनधारा-६ | ३००००० |
| | | धौराली चौक दक्षिण सेतापानी सम्म सडक कालोपत्रे,अर्जुनधारा-१० | १०००००० |
| | | कैदले रोजगार्डन अगाडि वनभोज स्थल निर्माण, अर्जुनधारा-३ | २५०००० |